गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (स्वास्थ्य)
कास्की, पोखरा, नेपाल
फोन नं. ०६१-५३५०८४
५३५०५६, ५३५०९५

प.सं.:२०८०/०८१
चलानी नं.: ६०५

मिति: २०८०/०८/१३

श्री एम्बुलेन्स सेवा प्रदायक संस्थाहरू,
गण्डकी प्रदेश ।

विषय : एम्बुलेन्समा GPS नवीकरण गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट गत आ.व. २०७९/०८० मा GPS जडान गरिएका एम्बुलेन्सहरूको एक वर्ष पुगी हाल GPS को म्याद गुज्रेको अवस्था छ। राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को दफा (१४) (१)(ञ) अनुसार एम्बुलेन्स संचालन गर्ने संस्था आफैंले GPS जडान तथा नवीकरण गर्नुपर्ने व्यवस्था रहेको र त्यसरी GPS जडान तथा नवीकरण नगरिएका एम्बुलेन्सका लागि संचालन अनुमति समेत प्रदान गर्न नसकिने प्रावधान रहेको अवगत गराउँदै यस मन्त्रालयबाट गत आ.व. मा GPS जडान गरिएका एम्बुलेन्सहरूमा सम्बन्धित संस्था आफैंले GPS नवीकरण गर्न तथा GPS जडान नभएका एम्बुलेन्सहरूमा समेत यथाशीघ्र जडान गरी नियमानुसार संचालन तथा व्यवस्थापन गर्नुहुन अनुरोध छ।

प्राविधिक सहयोगका लागि सम्पर्क: सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, प्रादेशिक प्रेषण केन्द्र (Ambulance Dispatch Center) ०६१-५८५३९० ।

.....................
(डा. विनोद विन्दु शर्मा)
सचिव

बोधार्थ:
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा।
श्री स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा।
श्री स्थानीय तहहरू (८५ वटै), गण्डकी प्रदेश।
श्री जिल्ला प्रशासन कार्यालयहरू (११ वटै), गण्डकी प्रदेश।
श्री अस्पतालहरू (११ वटै), गण्डकी प्रदेश।
श्री स्वास्थ्य कार्यालयहरू (११ वटै), गण्डकी प्रदेश।
श्री राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समिति, काठमाडौं।
श्री प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति, गण्डकी प्रदेश।
श्री जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, गण्डकी प्रदेश (११ वटै जिल्ला)।